नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाण्डौं
२०७४

०१-४१००२२४

पत्र संख्या: ०७९/०८०
च.न. 736

मिति:२०७९/०५/०७

विषय : कार्यान्वयन सम्बन्धमा ।

श्री सेवा प्रदायक स्वास्थ्य सस्थाहरु (सबै)

प्रस्तुत विषयमा तपसिल बमोजिमका स्वास्थ्य बीमामा आवद्ध बिमित दिर्घरोगिहरुको स्वास्थ्य उपचारका लागि पटक पटक प्रेषण पुर्जी आवश्यक पर्ने प्रावधानबाट सेवाग्राहीमा असुविधा भएको जनगुनासो आएको हुनाले प्रथम सेवा बिन्दुबाट एक पटक प्रेषण ( Referral) भई सोहि समस्याको लागि सोहि प्रेषण केन्द्र (स्वास्थ संस्था) मा उपचार तथा फलो अप ( Follow up ) गराउनु पर्दा प्रत्येक पटक प्रेषण पुर्जी आवश्यक नपर्ने सम्बन्धी मिति २०७९/०५/०६ मा भएको ब्यवस्थापकिय निर्णयानुसार सेवा सन्चालन गर्न गराउनु हुन अनुरोध छ ।

तपिसल :

१ सबै प्रकारका क्यान्सर रोगीको उपचार ।
२ मृगौला प्रत्यरोपणको लागि प्रेषण भई प्रत्यारोपण गरेका बिरामीहरुको हकमा प्रत्यारोपण गरेको सस्थामा Follow up गर्नु परेमा वा Dialysis (डायलाइसिस )गर्ने बिरामीको हकमा समेत सो ब्यवस्था लागु गर्ने ।
३ हेड इन्जुरी (Head injury), स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, अल्जाइमर, पार्किन्सोनिजमका रोगी।
४ मुटु रोगको उपचार तथा Follow up को लागि ।
५ बिमित जेष्ठ नागरिक (७० बर्ष पुरा भएको ) ।
६ बिमित अति अपाङ्ग ,HIV,MDR TB, ( बिरामी ब्यक्ति मात्र )।
७ गर्भवती तथा सुत्केरी (Complicated delivery,C/S वा अन्य जटिल अवस्थामा मात्र ) प्रेषण भई सुत्केरी भएका महिला तथा नवजात शिशुहरुको लागि सोहि अस्पतालमा २८ दिन सम्म उपचार गर्नु परेमा ।
८ कडा किसिमको मानसिक रोगी ( Schizophrenia र Bipolar disoder) ।

**नोट : प्रथम पटक प्रेषण भई आएका बिरामीको प्रेषण पुर्जी वा Claim no. प्रत्येक पटक Claim गर्दा अनिवार्य समावेश गर्नु पर्नेछ । अन्यथा बिरामीको प्रमाणिकरण गर्न कठिनाई हुने ब्यहोरा जानकारी गराईन्छ ।**

२०७९।०५।०६

शम्भु प्रसाद ज्ञवाली
बरिष्ठ जनस्वास्थ्य प्रशासक

**अवगतार्थ :**
श्रीमान् अध्यक्षज्यू, स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौं ।

**बोधार्थ:**
श्री स्वास्थ्य बीमा बोर्ड, दाबी ब्यवस्थापन शाखा : यसै अनुसार सहजिकरण गर्नुहुन ।
श्री सूचना तथा प्रविधि शाखा, टेकु काठमाडौं : वेव साईडमा राखिदिनुहुन ।
श्री स्वास्थ्य बीमा बोर्ड, सातवटै प्रदेश शाखा कार्यालयहरु : यसै अनुसार सहजिकरण गर्नुहुन ।
श्री स्वास्थ्य बीमा बोर्ड, ७७वटै जिल्ला सम्पर्क कार्यालयहरु : यसै अनुसार सहजिकरण गर्नुहुन ।

**"तपाईको स्वास्थ्य हाम्रो अठोट"**

Scanned with CamScanner